खोटेहाङ गाउँपालिका

# अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०६/११

खोटेहाङ गाउँपालिका
खोटाङ जिल्ला
१ नं प्रदेश

## प्रस्तावना

खोटेहाङ गाउँपालिकाद्वारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बनेको खोटेहाङ गाउँकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली,२०७५को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खोटेहाङ गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद– १

## प्रारम्भिक

(१) खोटेहाङ गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भई प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम"खोटहाङ गाउँपालिकाको योजना अनुगमन कार्यविधि २०७७" रहनेछ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भई प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि"भन्नाले अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७७ लाइ सम्झनु पर्छ ।

(ख)"गाउँपालिका"भन्नाले खोटेहाङ गाउँपालिकाको कार्यालय, खोटाङलाई सम्झनुपर्छ ।

(ग)"अनुगमन" भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ/छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भइ अपेक्षित उपलब्धी हासिल भएको छ /छैन भनी गाउँकार्यपालिकाद्धारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्वारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ ।

(घ)"मुल्याङ्कन"भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलव्धी एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "अनुगमन मूल्यांकन समिति"भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिकास्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ ।



प्रदीप राई
गाउँपालिका अध्यक्ष

३. मूल्याङ्कन तथा अनुगमनको उद्धेश्य

- स्रोत साधानको प्राप्ति र प्रयोग स्वीकृत बजेट समय तालिका अनुसार भएको छ/छैन हेर्नु,
- अपेक्षित प्रतिफलहरु समयमै र लागत प्रभावकारी रुपमा हासिल भएका छन /छैनन
- के कस्ता समस्या र बाधा व्यवधानहरु देखिएका छन र तिनको समाधानका निम्ति के कस्ता उपायहरु अवलम्वन गर्नुपर्दछ
- जिम्मेवार पक्षले क्षमता गुणस्तरमा सम्झौता गरेको छ/छैन र त्यसका कारण लक्ष्य प्रभावित भएको छ/छैन
- कार्यक्रम/आयोजना कार्यान्वयन चररणमा लगानी क्रियाकलाप, प्रक्रिया र प्रतिफल सुचकहरुको आधारमा सम्पादन भए नभएको निर्धारण गर्नु,
- कार्यान्वयन चरण सम्पन भएपछि उक्त काक्रम/आयोजनाको निर्धारित आयुसम्म निरन्तर संचालनको लागि आवश्यक पर्ने स्रोत साधान तथा सर्मत सम्भार निश्चित गर्नु,
- योजनाको आवश्यकता तथा सुनिश्चितता निर्धारण गर्नु र पूर्वविवरण स्पष्ट गर्न र सुचकहरु निर्धारण गर्नु,
- आयोजना/कार्यक्रमको प्रगति समिक्षा गर्न, पूर्वनिर्धारित कार्ययोजनामा परिमार्जन गर्न वा संचालन ढाँचामा आवश्यक परिवर्तन गर्नु,
- आयोजनाको कार्य क्षमता, प्रभावकारीता र दीगोपनालाई ध्यानमा राखेर समिक्षा गर्न कार्यक्रम/आयोजना सम्म्पन्न भएपछि थप कार्य आवश्यक रहेका वा नरहेको निर्क्योल गर्नु,
- कार्यक्रम/आयोजनाको प्रभाव र दीगोपनालाई ध्यानमा राखेर समिक्षा गर्न, भविश्यमा कार्यक्रम/ आयोजनाको तर्जुमा र कार्यान्वयन गर्दा सुधार गर्नका लागि सिकाइ र सुझाव प्राप्त गर्नु

## परिच्छेद – २
## अनुगमन तथा मूल्याङ्कन समिति

४. गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति :

(१) गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन देहायका सदस्यहरु रहेको एक गाउँपालिका स्तीय अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

(क) गाउँपालिकाको उपाध्यक्ष -संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) पुर्वाधार बिकास शाखाका प्रमुख ईन्जिनियर सदस्य
(घ) गाउँकार्यपालिका २ जना सदश्य -सदश्य
(ङ) योजना तथा अनुगमन उपशाखाको प्रमुख - सदस्य-सचिव

(२) उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरियता कायम गर्नका लागि गाउँपालिका प्रमुख स्वयमः वा प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गर्न वाधा पुगेको मानिने छैन ।

(२) गाउँपालिका वा वडा स्तरबाट संचालित योजनाहरुको सार्वजानिक परिक्षण गर्दा गाउँपालिकाबाट तोकिएका प्रुतिनिधिको रोहबरमा गर्नु पर्नेछ र सो समयमा योजना अनुगमन समितिका पदाधिकारीको समेत सहभागीताको लागी प्रयास गरिनेछ ।

(३) कुनैपनि वडा स्तरमा संचालित योजनाहरुको अनुगमन मुल्याङ्कन वडा स्तरीय समितिबाट पनि निरन्तर रुपमा गरिनेछ । उक्त अनुगमनमा देखिएका कुराहरु वडा स्तरीय अनुगमन समिति मार्फत गाउँपालिका स्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।

(४) गाउँपालिका स्तरीय योजनाको अनुगमन सुपर्ि ण गर्दा सम्बन्धीत वडाका वडाअध्यक्षलाई आमन्त्रित रवेक्ष सदश्यको रुपमा राख्न सकिने छ ।

**<u>५.अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :</u>**

१ दफा ३ को उपदफा (१) वमोजिम गठित गाउँपालिका स्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउंपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित तथा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँकार्यपालिकाबाट भएका निण यि तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार गरी पेश गर्ने

(ङ) गाउँ सभा, गाउँ कार्यपालिका तथा गाउँपालिका प्रमुखले तोकेका अन्य कार्यहरु गर्ने ।

(च)अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणाात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कार्वाहीका लागी सिफारिस गर्ने ।

**<u>६.वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति</u>** :

(१) खाटेहाङ गाउँपालिकामा सञ्चालित वडा स्तरीय योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन देहायका सदस्यहरु रहेको एक वडास्तरीय स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

(क) वडाअध्यक्ष -संयोजक

ख) सम्बन्धीत वडामा रही योजना हेर्ने असिस्टेन सव-इन्जिनियर तथा सव-इन्जिनियर -सदस्य

(ग) महिला वडासदस्य -सदस्य

(घ) वडा सचिव - सदस्य-सचिव

तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरियता कायम गर्नका लागि गाउँपालिका प्रमुख स्वयमः वा प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गर्न वाधा पुगेको मानिने छैन ।

(२) खोटेहाङ गाउँपालिका अर्न्तगत वडा स्तरबाट संचालित योजनाहरुको सार्वजानिक परिक्षण गर्दा गाउँपालिकाबाट तोकिएका प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ र सो समयमा योजना अनुगमन समितिका पदाधिकारीको समेत सहभागीताको लागी प्रयास गरिनेछ ।



प्रदीप राई

(३) कुनैपनि वडा स्तरमा संचालित योजनाहरुको अनुगमन मुल्याङ्कन वडा स्तरीय समितिबाट पनि निरन्तर रुपमा गरिनेछ । उक्त अनुगमनमा देखिएका कुराहरु वडा स्तरीय अनुगमन समिति मार्फत वडा स्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।
(४) वडा स्तरीय योजनाको सम्ब त वडाका वडाअध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा अनुगमन सुपरिवेक्षण गर्दा न्धी राख्न सकिने छ ।

**७.वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

(१)दफा ३ को उपदफा (१) वमोजिम गठित वडा स्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित तथा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा वडा सभाबाट भएका निर्ण य तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार गरी पेश गर्ने

(ङ) वडासभा, गाउँ कार्यपालिका तथा गाउँपालिका प्रमुखले तोकेका अन्य कार्यहरु गर्ने ।

(च)अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कार्वाहीका लागी सिफारिस गर्ने ।

**८.आयोजनाको प्रभाव मूल्याङ्कन:** (१) रु. पाँच करोड भन्दा बढी लागतका आयोजनाहरुको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ ।

## परिच्छेद–३

## अनुगमन तथा मुल्याङ्कन सुविधा

**९.अनुगमन तथा मुल्याङ्कन सुविधा :**

(१)दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन सुविधाप्राप्त गर्नेछन् ।

(क) अनुगमन प्रतिदिन रु. १०००।००

## परिच्छेद – ४

### अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन

**१०.अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन :** दफा ३ को उपदफा(१)बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसूचि–१ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन तयार गरी गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद – ५

## विविध

**११.बाधा अड्काउ फुकाउ तथा संशोधन :** (१) यो कार्यविधि कार्यान्वयनको सर्न्दभमा कुनै बाधा अडकाउ परेमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँकार्यपालिकाको हुनेछ ।



प्रदीप राई
अध्यक्ष

अनुसुचि १
परिच्छेद ४ को दफा ७ सँग सम्बन्धीत
खोटेहाङ गाउँपालिका
खोटाङ

**योजना अनुगमन समितिको प्रतिवेदन**

श्री अध्यक्ष ज्यू,

खोटेहाङ गाउँपालिका,

**खोटाङ ।**

**मिति...................**

खोटेहाङ गाउँपालिकाको गाउँसभाले आ.व........... मा सञ्चालनका लागि पारित गरेको तपसिल बमोजिमको योजना सञ्चालन पश्चात गाउँपालिका/वडा स्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन

१. योजनाको नाम...................................

२. योजना संञ्चालन भएको स्थान/:-...............................

३.विनियोजित रकमः-............... जनश्रमदान............. कूल लागत.......................

४.सम्झौता मिति :-...................... सम्पन्न गर्नुगर्नुपर्ने मिति........... सम्पन्न भएको मिति.............................

**५. अनुगमनका क्रममा देखिएका कुराहरु :-**

| क.स | व्यहोरा | भए को | नभएको | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| १ | स्वीकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २ | उपभोक्ता समितिको जनश्रमदान | | | |
| ३ | सार्वजनिक परीक्षण(उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४ | आयोजना सूचना पाटी(सबैले देख्ने ठाउँमा) | | | |
| ५ | समय तालिका | | | |

प्रदीप राई
गाउँपालिका अध्यक्ष

**६. आयोजना सँञ्चालनमा देखिएका समस्याहरु :-**

१..........................................................

२..........................................................

**७. अनुगमन समितिको सुझावहरु**

१..........................................................

२..........................................................

**८. अनुगमन समितिको निष्कर्ष :**

...................................................................................................................................................

...................................................................................................................................................

**९. अनुगमन कार्यमा सम्लग्न अनुगमन समितिका पदाधिकारी तथा अन्य उपस्थिति**

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

खोटेहाङ गाउँपालिकाको सम्वत् २०७७ साल असोज ११ गते बसेको गाउँ कार्यपालिका बैठकले नेपालको संविधानको धारा २२६ उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सर्वसम्मत पारित गरेकोले यो विधेयक नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु।

(प्रदिप राई)
अध्यक्ष

मिति :- २०७७/०६/११

प्रदीप राई
गाउँपालिका अध्यक्ष